<u>बैठक संख्या: १४</u>

आज मिति २०८२ साल जेष्ठ १३ गते मंगलबार रुरुक्षेत्र गाउँपालिका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा माउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय: विहान ७:३० बजे

स्थान: कार्यपालिकाको बैठक कक्ष

उपस्थिति:

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | (हस्ताक्षर) |
| २. | उपाध्यक्ष | श्री मिना देवी गौतम | (हस्ताक्षर) |
| ३. | सदस्य | श्री नवराज वि.के. | (हस्ताक्षर) |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | (हस्ताक्षर) |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | (हस्ताक्षर) |
| ६. | सदस्य | श्री मोती प्रसाद श्रेष्ठ | (हस्ताक्षर) |
| ७. | सदस्य | श्री हरि प्रसाद ज्ञवाली | (हस्ताक्षर) |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | (हस्ताक्षर) |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरिकला बराल क्षेत्री | (हस्ताक्षर) |
| ११. | सदस्य | श्री राजकुमारी शाही | (हस्ताक्षर) |
| १२. | सदस्य | श्री बुद्धिमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | (हस्ताक्षर) |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | (हस्ताक्षर) |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे | (हस्ताक्षर) |
| | | बैठक संचालन सहयोगी | |
| ना.सु. श्री राम प्रसाद ज्ञवाली (हस्ताक्षर) | | | |
| ना.सु. श्री ज्ञानेन्द्र वि.क. (हस्ताक्षर) | | | |
| आ.प्र. शाखा प्रमुख श्री हेम बहादुर कार्की | | | |
| का.स. श्री मीना न्यौपाने (हस्ताक्षर) | | | |

**मिति २०८२ जेष्ठ १३ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु:**

१. यसभन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।
२. आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट तर्जुमा सम्बन्धमा ।
३. विपद् तथा आर्थिक सहायताको लागि बजेट व्यवस्था सम्बन्धमा ।
४. सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको पत्र सम्बन्धमा ।
५. गणतन्त्र दिवस मनाउने सम्बन्धमा ।
६. काज स्वीकृत गर्ने सम्बन्धमा ।
७. अनुगमन तथा सुपरिवेक्षण प्रतिबेदन स्वीकृत गर्ने सम्बन्धमा ।
८. जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन सम्बन्धमा ।
९. गाउँ शिक्षा योजना निर्माणमा भएको खर्च अनुमोदन सम्बन्धमा ।

## मिति २०८२/०२/१३ गतेको चौधौ गाउँकार्यपालिका बैठकका निर्णयहरु:

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाबारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अबस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र बजेट तर्जुमाको लागि विभिन्न क्षेत्रका महानुभावहरुको राय, सुझाव संकलन गर्नको लागि मिति २०८२ जेष्ठ २२ गते गाउँपालिकामा राय सुझाव संकलन गर्ने तथा विषयगत समितिहरुले नीति तथा कार्यक्रम तयार गरी मिति २०८२ जेष्ठ २५ गते गाउँपालिकामा पेश गर्ने । साथै वडा कार्यालयहरुले गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, दिगो विकासका सूचकहरु लगायतका विविध पक्षलाई दृष्ट्रिगत गरी बस्ती स्तरका योजनाहरु छनौट गर्ने । गाउँसभाको १८ औं अधिबेशन मिति २०८२ असार ६ गते शुक्रबार दिनको १:०० बजे आब्हान गर्ने । |
| ३. | देहाय अनुसारको बजेट व्यवस्था गरी भुक्तानी गर्ने ।<br>(क) रुरुक्षेत्र- ४ निवासी श्री विश्वराज पौड्यालले मिति २०६० चैत्र १५ गते देखी साविक बलेचौर प्राथमिक विद्यालयमा परिचर पदमा कामकाज गर्दै आएकोमा विद्यालय समायोजन पश्चात श्री जनबोध मा.वि. मा कामकाज गरेकोमा मिति २०८१/०४/११ देखी लागु हुने गरी अनिबार्य आवकाश भएकोले आवश्यक सहयोग उपलब्ध गराइदिनुहुन भनी यस कार्यालयमा निवेदन पेश गरेकोले निजलाई अन्य सामाजिक सुरक्षा सहायता शिर्षकबाट रु. ६० हजार उपलब्ध गराउने ।<br>(ख) रुरुक्षेत्र-१ निवासी मनिराम ज्ञवालीको अविरल बर्षाको कारण मोटरबाटो बाट आएको भलले कटान गर्दा घर र शौचालय जोखिममा रहेकोले निजलाई प्रकोप व्यवस्थापन कोषबाट रु. ४० हजार भुक्तानी गर्ने ।<br>(ग) रुरुक्षेत्र-४ निवासी कोपिला ज्ञवालीको घर मिति २०८१/१२/३० मा आएको हावाहुरी सहितको पानीले घरको छाना सहित डाँडाभाटा काम नलाग्ने अवस्थामा पुऱ्याएको हुँदा निजलाई घर मर्मतको लागि प्रकोप व्यवस्थापन कोषबाट रु. ४० हजार भुक्तानी गर्ने ।<br>(घ) मिति २०८१ चैत्र २७ गते आएको पानी र हावाहुरीले रुरुक्षेत्र-६, बम्घा पिकनिकस्थलको ट्रसको छाना उडाएर क्षति पुऱ्याएको हुँदा सो मर्मतको लागि प्रकोप व्यवस्थापन कोषबाट रु. ५५ हजार विनियोजन गर्ने ।<br>(ङ) १ नं. वडा कार्यालयको नयाँ भवनमा सेवाग्राहीको सहजताको लागि गेट, सिडी, रेलिङ लगायतको कार्य गर्न रु ४९ हजार बजेट बिनियोजन गर्ने । |
| ४. | सम्मानित सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयको च.नं. ६१८ मिति २०८१/१२/२८ को कालीगण्डकी नदीको जलउपयोग एवम् ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन, उपभोग एवम् बिक्री वितरणलाई अझ व्यवस्थित, अनुमान योग्य, प्रभावकारी अनुगमन तथा कसूर गर्नेलाई दण्डित गर्ने समेतका सेहबाट निर्देशनात्मक आदेश समेत जारी भएको पत्र बैठकमा |

CamScanner

| | |
|---|---|
| | जानकारी गराईयो । |
| ५. | गणतन्त्र दिवस, २०८२ भव्य रुपमा मनाउन सबै वडा कार्यालयहरु र गाउँपालिकाको कार्यालयमा मिति २०८२ जेष्ठ १४ गते कार्यालय परिसर सरसफाई गर्ने, जेष्ठ १५ गते गणतन्त्र दिवसको अवसरमा गोलपोखरी थोर्गा चौरफाँट झो.पु., रुरुक्षेत्र-१ र २ गुल्मीको समुद्घाटन कार्यक्रम, स्वर्गीय ज्ञानहरी पार्क, रुरुक्षेत्र-२ को समुद्घाटन र स्वर्गीय ज्ञानहरी ज्ञवालीको शालिक अनावरण कार्यक्रम वडा नं. २ को बेसिकाचौरमा लुम्बिनी प्रदेश सरकारका माननीय भौतिक पूर्वाधार विकास मन्त्रीबाट समुद्घाटन कार्यक्रम गर्ने । साथै जेष्ठ १५ गते कार्यालय परिसरमा दिपावली गर्ने । |
| ६. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंबाट चीनमा ०६ जुन २०२५ देखी १९ जुन २०२५ सम्म आयोजना हुने Seminar on Rural E-Commerce for B&R Countries कार्यक्रममा सहभागिताका लागि यस गाउँपालिकामा कार्यरत ना.सु. श्री राम प्रसाद ज्ञवाली मनोनयन भएकोले उक्त कार्यक्रममा सहभागि हुने प्रयोजनको लागि २०८२ जेष्ठ १८ देखी मिति २०८२ असार ८ गतेसम्मको गाउँपालिकालाई आर्थिक भार नपर्ने गरी काज स्वीकृत गर्ने । |
| ७. | गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिले विभिन्न योजनाहरुको अनुगमन गरी पेश गरेका अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन स्वीकृत गर्ने र योजनाहरुको प्राविधिक जाँचपास गरी पेश भएका योजनाहरुको फरफारक गरी भुक्तानी गर्ने । |
| ८. | जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता मिति २०८२ जेष्ठ १८ देखी २० गतेसम्म घिउबेंसी, खेलमैदानमा संचालन हुने भएकोले उक्त कार्यक्रम भव्य रुपमा सम्पन्न गर्ने, सो कार्यक्रमको लागि आवश्यक व्यवस्थापन गाउँपालिकाबाट गर्ने र सो कार्यक्रममा भएको खर्च गाउँपालिकाबाट भुक्तानी गर्ने । |
| ९. | चालु आ.व. २०८१/०८२ मा गाउँ शिक्षा योजना निर्माण गरिएको उक्त योजना निर्माण गर्दा खर्च भएको देहाय अनुसारको रकम अनुमोदन गर्ने र संघिय सशर्त अनुदान अन्तर्गत शैक्षिक सुशासन प्रवर्द्धन कार्यक्रममा विनियोजित बजेट रु. ३ लाखबाट भुक्तानी गर्ने ।<br>देहाय:<br>बैठक संचालन खर्च: रु. ४१,०००/-<br>वडागत सुझाव संकलन खर्च (खाजा, गाडीभाडा, व्यानर): रु. १८,२२०/-<br>लेखन पारिश्रमिक:<br>संयोजक: श्री शेषनारायण पौडेल- रु.४०,०००/-<br>सदस्य: श्री मिन प्रसाद ज्ञवाली- रु.४५,०००/-<br>सदस्य सचिव: श्री तेज बहादुर कुमाल (शिक्षा शाखा)- रु.४०,०००/-<br>कर्मचारी: श्री अन्जना अर्याल- रु.३०,०००/-<br>खाजा खर्च- रु. ४,८००/-<br>गा.पा. स्तरमा सुझाव संकलन: रु. १५,०००/-<br>शिक्षा योजना डिजाइन तथा छपाई: रु. ५०,०००/-<br>जम्मा रकम रु. २,८४,०२०/- |

मिति २०८२।०२।२७ गतेको पन्ध्रौ कार्यपालिका बैठकको प्रस्तावहरु

१. यस भन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा

२. शालग्राम मन्दिर निर्माण सम्बन्धमा


३. आ.व. ०८२।०८३ को नीति तथा कार्यक्रम तर्जुमा सम्बन्मा

४. सेवा प्रवाह तथा विषयगत समितिहरुको कार्य सम्पादन सम्बन्धमा

५. संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धमा

६. दिर्घरोगीको रकम सम्बन्धमा

## मिति २०८२।०२।२७ गतेको १५ औ कार्यपालिकाको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | यस भन्दा अगाडिका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | रुरुक्षेत्र गाउँपालिका लुम्बिनी प्रदेशकै ऐतिहासिक तथा धार्मिक महत्व रहेको पवित्र धार्मिक स्थल रिडीमा रामेश्वरम शालग्राम मन्दिर निर्माणको लागि मिति २०८१।०८।१० गतेको छैठौ कार्यपालिकाको बैठकको निर्णय नं. ९ बमोजिम जग्गा व्यवस्थापनको लागि वडा कार्यालयलाई जिम्मेवारी दिए बमोजिम आवश्यक प्रकृया पुरा गरि जग्गा व्यस्थापनको कार्य सम्पन्न भएको । साविक रुरु गा.वि.स. वडा नं. ४ को लामाचौपारी कित्ता नं. १०४ को जग्गा परम्परा देखी विष्णु मन्दिर, सार्वजनिक पौवा र धर्मशाला रहेको । हकदावीको लागि सूचना प्रकाशन गर्दा कुनै पनि व्यक्ति वा संस्थाको हकदावी नरहेकोले सार्वजनिक जग्गामा DPR बमोजिम संरचना तयार गर्दा कुनै रुख विरुवा तथा संरचनाहरु हटाउन नपरेको, वातावरणीय असर समेत नपर्ने र त्यसक्षेत्रका सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया गरी मन्दिर निर्माणको लागि आवश्यक परेमा थप जग्गा समेत निशुल्क उपलब्ध गराउन मन्जुरीनामा प्राप्त भई लुम्बिनी प्रदेश सरकारबाट रु ५० लाखको निर्माण कार्य प्रारम्भ भएको हुँदा गाउँपालिकाले तयार गरेको DPR बमोजिमको रामेश्वरम शालग्राम मन्दिर निर्माणको लागि सार्वजनिक जग्गा नै पर्याप्त भएकोले DPR बमोजिमको आवश्यक बजेट व्यवस्थापन गर्न उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, लुम्बिनी प्रदेशलाई अनुरोध गर्ने । |
| ३. | आ.व. ०८२।०८३ को नीति तथा कार्यक्रम तर्जुमाको लागि विषयगत समिति तथा शाखाहरुले विभिन्न कार्यक्रममा प्राप्त सुझाव, विगतका नीति तथा कार्यक्रमहरुको समिक्षा तथा उपलब्धी लगायतका विषयमा गहन छलफल गरी २०८२ जेठ मसान्त भित्र नीति तथा कार्यक्रमहरुको सिफारिस गर्ने । |
| ४. | नागरिकहरुले अनुभूत गर्ने गरी सेवा प्रवाहको आवश्यक व्यवस्था प्रमुख प्रशासकीय अधिकृतले मिलाउने साथै वडा कार्यालयलाई सेवा केन्द्रको रुपमा विकास गरी प्रभावकारी सेवा प्रवाहको आवश्यक प्रबन्ध मिलाउने । कार्यपालिकाबाट गठित विषयगत समितिहरुको हाल सम्मको कार्य सम्पादनको बारेमा छलफल तथा समिक्षा गरियो । विषयगत समितिहरुले नीति तर्जु तथा कार्यान्वयनको विषयहरुमा कार्यपालिकालाई आवश्यक सिफारिस गर्ने । |
| ५. | यस गाउँपालिकामा प्राकृतिक स्रोत अन्तर्गत ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी कार्य गर्न गाउँपालिकाको रिडी बगर, पोखरे बगर, रुद्रवेणी बगर तथा बगाउने खोलाको बगरमा नियमानुसार संक्षिप्त वातावरणीय अध्ययनको लागि कार्यसूची स्वीकृत गरी वातावरणीय परिक्षण सम्बन्धी कार्य गर्ने गराउने ।  |

CamScanner

मिति २०८२।०२।३० गतेको सोह्रौं कार्यपालिका बैठकको प्रस्तावहरु

१. यस भन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा

२. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सम्बन्धमा

३. कृषक सम्मान तथा उद्यमी अनुदान सम्बन्धमा

४. विविध

CamScanner

## मिति २०८१।०२।३० गतेको १६ औ कार्यपालिकाको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | यस भन्दा अगाडिका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय पूर्वाधार सहयोग कार्यक्रम LISP संचालनका लागि मिति प्रकाशित सूचना बमोजिम यस गाउँपालिबाट उक्त कार्यक्रम संचालनको छनौट भएको हुँदा आगामी आ.व. मा वार्षिक कार्यक्रम तथा वजेटमा योजना समावेश गरी कार्यान्वयन गर्न कार्यपालिका सदस्य तथा शाखा प्रमुखहरुको अभिमुखीकरण कार्यक्रम संचालन गरी उक्त कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न सबैले आवश्यक समन्वय गर्ने गराउने । |
| ३. | कृषक सम्मानको लागि यस कार्यालयको सूचना नं. ८८ मिति २०८२।०२।०१ को सूचना बमोजिम पेश भएका निवेदनहरुको मूल्याङ्कन गर्दा देहायका कृषकहरुलाई सम्मान गर्ने साथै युवा उद्यमीको लागि प्रस्ताव पेश गर्न दोस्रो पटक आव्हान गरिएको सूचना नं. ८२ मिति २०८२।०१।०४ गतेको सूचना वमोजिम पेश भएका देहाका कृषकहरुलाई प्रस्ताव वमोजिम कार्य गर्ने गरी रु ३० हजारका दरले अनुदान रकम उपलब्ध गराउने । |

क) सम्मान गर्ने कृषकहरु

| सि.नं. | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | संजय ज्ञवाली | रुरुक्षेत्र ५ | पशुपालन (गाई) |
| २ | बाबुराम श्रेष्ठ | रुरुक्षेत्र ५ | पशुपालन (गाई) |
| ३ | शिव प्रसाद कुवर | रुरुक्षेत्र ५ | पशुपालन (गाई) |
| ४ | लेखनाथ पुरी | रुरुक्षेत्र ५ | पशुपालन (गाई) |
| ५ | चुन्नालाल गिरी | रुरुक्षेत्र ५ | पशुपालन (गाई) |
| ६ | यमुना श्रेष्ठ | रुरुक्षेत्र ५ | पशुपालन (गाई) |
| ७ | शंकर पुरी | रुरुक्षेत्र ५ | पशुपालन (गाई) |
| ८ | कृष्ण प्रसाद ज्ञवाली | रुरुक्षेत्र ५ | माछापालन |

ख) उद्यमी प्रोत्साहन गर्ने कृषकहरु

| सि.नं. | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | कोपिला थापा | रुरुक्षेत्र गा.पा.-१ | तरकारी खेती, बाखा पालन |
| २ | राजेन्द्र जवरा | रुरुक्षेत्र गा.पा.-१ | तरकारी खेती |
| ३ | भिमा कुँवर | रुरुक्षेत्र गा.पा.-२ | कृषि तथा कुखुरा पालन |
| ४ | सृजना प्रजा सार्की | रुरुक्षेत्र गा.पा.-२ | बंगुर पालन |
| ५ | चिरञ्जिवी अर्याल | रुरुक्षेत्र गा.पा.-२ | लियर्स कुखुरा पालन |
| ६ | यज्ञमुर्ती भण्डारी | रुरुक्षेत्र गा.पा.-२ | बाखा पालन |

CamScanner

| निर्णय नं. | निर्णयहरु | | | |
|---|---|---|---|---|
| | ७ | राजिव सुनार | रुरुक्षेत्र गा.पा.-२ | कृषि |
| | ८ | विष्णु प्रसाद भण्डारी | रुरुक्षेत्र गा.पा.-३ | कागती खेती |
| | ९ | शुक्र बहादुर नेपाली | रुरुक्षेत्र गा.पा.-३ | बाखा पालन |
| | १० | दिपक नेपाली | रुरुक्षेत्र गा.पा.-३ | बाखा पालन |
| | ११ | माधव प्रसाद श्रेष्ठ | रुरुक्षेत्र गा.पा.-३ | घाँस खेती |
| | १२ | कमल घर्ती | रुरुक्षेत्र गा.पा.-३ | बाखा पालन |
| | १३ | हुतराज गौतम | रुरुक्षेत्र गा.पा.-३ | उखु र कागती खेती |
| | १४ | प्रितमराज श्रेष्ठ | रुरुक्षेत्र गा.पा.-३ | बाखा पालन |
| | १५ | लेखनाथ गौतम | रुरुक्षेत्र गा.पा.-३ | तरकारी खेती |
| | १६ | भागीरथी श्रेष्ठ | रुरुक्षेत्र गा.पा.-३ | बाखा पालन |
| | १७ | कुलचन्द्र ज्ञवाली | रुरुक्षेत्र गा.पा.-४ | व्यवसायीक तरकारी खेती |
| | १८ | तेज प्रसाद श्रेष्ठ | रुरुक्षेत्र गा.पा.-४ | गाई पालन |
| | १९ | तेज बहादुर खत्री | रुरुक्षेत्र गा.पा.-४ | व्यवसायीक तरकारी खेती |
| | २० | तिल कुमारी श्रेष्ठ | रुरुक्षेत्र गा.पा.-४ | कागती खेती |
| | २१ | देबराज ज्ञवाली | रुरुक्षेत्र गा.पा.-४ | व्यवसायीक तरकारी खेती |
| | २२ | ज्ञान बहादुर पौडयाल | रुरुक्षेत्र गा.पा.-४ | कुखुरा पालन |
| | २३ | देवि प्रसाद गौतम | रुरुक्षेत्र गा.पा.-४ | व्यवसायीक तरकारी खेती |
| | २४ | हरिकृष्ण ज्ञवाली | रुरुक्षेत्र गा.पा.-५ | बेमौसमी तरकारी खेती तथा नर्सरी |
| | २५ | खिम बहादुर नेपाली | रुरुक्षेत्र गा.पा.-५ | तरकारी खेती |
| | २६ | मन बहादुर खासु | रुरुक्षेत्र गा.पा.-६ | बाखा पालन |
| | २७ | मिना पौडयाल | रुरुक्षेत्र गा.पा.-६ | तरकारी खेती |
| | २८ | गिर बहादुर पचभैया | रुरुक्षेत्र गा.पा.-६ | बेमौसमी तरकारी खेती |
| | २९ | चेत बहादुर बस्नेत | रुरुक्षेत्र गा.पा.-६ | व्यवसायीक तरकारी खेती |
| | ३० | सुन्दर पछाई | रुरुक्षेत्र गा.पा.-६ | तरकारी खेती |
| | ३१ | प्रेम बहादुर थापा | रुरुक्षेत्र गा.पा.-६ | तरकारी खेती |
| | ३२ | चिन्तामणी बस्नेत | रुरुक्षेत्र गा.पा.-६ | तरकारी खेती |
| | ३३ | झलक बहादुर बस्नेत | रुरुक्षेत्र गा.पा.-६ | तरकारी खेती |
| | ३४ | शिशिरराज ज्ञवाली | रुरुक्षेत्र गा.पा.-३ | उखु खेती |
| | ३५ | मुक्त बहादुर राना | रुरुक्षेत्र गा.पा.-५ | राँगा पालन |
| | ३६ | विष्णु बहादुर कुँवर | रुरुक्षेत्र गा.पा.-२ | कृषि व्यवसाय |
| | ३७ | जगत तिवारी | रुरुक्षेत्र गा.पा.-२ | तरकारी खेती |
| | ३८ | लक्ष्मी पौडयाल | रुरुक्षेत्र गा.पा.-४ | तरकारी खेती |
| | ३९ | नारायण प्रसाद पौडयाल | रुरुक्षेत्र गा.पा.-४ | घाँस खेती |

CamScanner